श्री

# बारा जिल्ला अदालतबाट जारी भएको

## दशीका जिन्सी सामान फिर्ता लिन आउने बारेको

## जरुरी सूचना

*सूचना प्रकाशित मिति २०७३/०९/०८*

उपरोक्त सम्बन्धमा बिभिन्न मितिमा विभिन्न मुद्दाहरुमा दशी स्वरुप यस अदालतमा दाखिल हुन आई मिति २०७३ साल मंसिर मसान्त सम्म यस अदालतको जिन्सीमा आम्दानी बाँधिएका सवारी साधन लगायत सम्पूर्ण जिन्सी सामानहरुको ब्यबस्थापन गर्नु पर्ने भएकोले कानुन र अन्तिम फैसलाले फिर्ता दिने ठहर भएका जिन्सी सामानहरुको चोरी मुद्दाको हकमा मुलुकी ऐन, चोरीको २१ नं. का म्याद ३ महिना भित्र र अन्य मुद्दाहरुको हकमा यो सूचना प्रकाशित भएका मितिले १ महिना भित्र प्रमाण सहित फिर्ता लिन आउनु होला । साथै दशीको सवारी साधन र अन्य दशीका सामानहरुको हकमा फैसलामा केही उल्लेख नभएको, सवारी धनी पत्ता नलागेको तथा जफतको दाबी समेत नभएको हकमा त्यस्ता सवारी साधन फिर्ता लैजान चाहे प्रमाण सहित यो सूचना प्रकाशित भएका मितिले १ महिना भित्रमा यस अदालतमा दाबी गर्न आउनु होला । यसरी फिर्ता लिन नआए मुल्याङकन समितिको निर्णय बमोजिम मुल्याङकन गरी उक्त दशीका सामान तथा सवारी साधनहरु मुलुकी ऐन, द.स. को ३४, जिल्ला अदालत नियमावली २०५२ को नियम ९०क र ९०ख बमोजिम लिलाम बिक्री गरी रकम धरौटीमा आम्दानी बाँधिने र उक्त रकम १ वर्ष भित्र फिर्ता लिन नआए राजस्वमा दाखिल भई जाने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि मिति २०७३/०९/०७ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

तहसिलदार